गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

**मिति २०८१।१२।१४ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व. २०८१/०८२ को दशौं नगर कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं. १** गैंडाकोट नगरपालिकाको गैंडाकोट नगर प्रज्ञा प्रतिष्ठान ऐन, २०७९ को दोश्रो संशोधनको दफा १० को उपदफा (२) बमोजिम नगर प्रमुख ज्यू द्वारा श्री भिम प्रसाद शर्मालाई नगर प्रज्ञाप्रतिष्ठानको उपकुलपति पदमा र सदस्य सचिव शिक्षा,युवा तथा खेलकुद शाखाको अधिकृतस्तरको कर्मचारी मनोनयन गर्ने र अन्य सदस्यहरु साविक बमोजिम नै यथावत रहने निर्णय गरियो ।

**निर्णय नं. २** चालु आ.व. २०८१/०८२ को लागि नगर क्षेत्र भित्र विज्ञापन कर संकलन (आन्तरिक आय) सम्बन्धि ठेक्का बन्दोबस्त गर्न मिति २०८१/०६/०७ मा राष्ट्रिय दैनिक, कार्यालयको वेबसाईट, सूचनापाटिमा र सार्बजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणालीमा प्रकाशित सूचना बमोजिम रित पुर्वक पर्न आएका बोलपत्रहरु मध्येबाट सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ उप दफा (२) को प्रयोजनार्थ सारभूत रुपमा प्रभावग्राही उच्चतम मुल्यांकित सार्थक विज्ञापन सेवाले पेश गरेको बोलपत्र, मिति २०८१/०७/२६ को निर्णय अनुसार सम्झौताको लागि छनौट भएकोले गैंडाकोट नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ को नियम १४० बमोजिम ७ दिन भित्र सम्झौता गर्न आउन भनी च.नं. ५८६ मिति २०८१/०७/२६ पत्राचार गरिएको, उक्त फर्मबाट माग भई आएको म्याद थप दिंदा समेत सम्झौताको लागि उपस्थित नहुनु भएको साथै अन्तिम पटक सम्झौताको लागि मिति २०८०/०८/२८ कार्यालय समय भित्र च.नं. ५८६ मिति २०८१/०७/२६ को पत्रले तोकेका सम्पूर्ण कागजात सहित उपस्थित हुन च.नं. ६९० मिति २०८१/०८/२४ को समेत ताकेता पत्रानुसार उपस्थित नभएको र फोन तथा आफै मौखिक तथा लिखित दिएका निवेदनको समय गुज्रेकोले गैंडाकोट नगरपालिकाको सार्बजनिक खरिद नियमावली २०७७ तथा प्रचलित कानुन बमोजिम त्यस फर्म संग कबोल अंक असुल गर्न धरौटी जफत गरी कालोसूचीमा राख सार्वजनीक खरिद अनुगमन कार्यालय साथै सरकारी बाँकी सरह कायम गराउन कुमारीचोक तथा केन्द्रीय तहसील कार्यालयमा किन लेखि नपठाउने ? सो विषयमा चित्त बुझ्दो स्पस्टिकरण ७ दिन भित्र यस कार्यालयमा लिखित रुपमा पेश गर्न भनी च.नं. १०७८ मिति २०८१/०९/११ को पत्र मार्फत ताकेता गर्दा समेत अटेर गरी स्पस्टिकरण पेश नगरेको र अन्तिम पटक चित्त बुझ्दो स्पस्टिकरण ३ दिन भित्र पेश गर्न मिति २०८१/१२/०३ को पत्रको समेत म्याद गुजारी कार्यालयको पत्रको प्रतिक्रिया नदिएकोले आवश्यक प्रक्रिया पुरा गरी सार्वजनिक खरिद नियमावली २०७७ तथा प्रचलित कानुन बमोजिम त्यस फर्म संग कबोल अंक असुल गर्न धरौटी जफत गरी कालोसूचीमा राख्न सार्वजनीक खरिद अनुगमन कार्यालय साथै सरकारी बाँकी सरह कायम गराउन कुमारीचोक तथा केन्द्रीय तहसील कार्यालयमा लेखि पठाउने निर्णय गरियो।

**निर्णय नं. २** गरिव घर परिवार तथा परिचय पत्र वितरण कार्यक्रम अन्तर्गत संकलन गरिएको तथ्यांक उपर गुनासो रहेका निवेदनहरुको गुनासो सुनुवाई मार्गदर्शन, २०७८ बमोजिम गठन भएको गुनासो सुनुवाई समितिमा छलफल भई पेश भएका निवेदनहरुलाई आवश्यक कार्यार्थ सम्बन्धीत मन्त्रालयमा लेखि पठाउने निर्णय गरियो।

**निर्णय नं. ३** गैंडाकोट नगर क्षेत्र भित्र ठेला/ ई-रिक्सा लगायतका साधनहरुमा विहान बेलुकाको समयमा नगर भित्रका सडकहरुमा चर्को आवाजमा स्पिकरहरु बजाएर उत्पन्न भएको वातावरणीय प्रदुषणलाई न्यूनीकरण सहित उक्त व्यवसायहरुलाई उचित व्यवस्थापन गर्न सम्बन्धित वडा कार्यालयहरुलाई निर्देशन दिने र नगर क्षेत्र भित्र उत्पादन भएका कृषि उपजहरुलाई नगर क्षेत्र भित्र ठेला/ ई-रिक्सा मार्फत स्पिकरहरु नबजाएर बिक्री गर्न अर्को व्यवस्था नभए सम्मका लागि अनुमति दिने निर्णय गरियो।

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

**निर्णय नं. ४ क)** गैंडाकोट नगरपालिकाको वडा नं ८ को मोटरेवल पुल (स्टिल पुल) ठेक्का मार्फत निर्माण गर्न भनी सम्झौता भई निर्माणको क्रममा रहेको र उक्त पुलको बियरिङ्ग राख्ने स्थानमा पल्म एबुटमेन्ट वाल थप गर्नुपर्ने भएकाले सो कार्य तत्काल सम्पादन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**ख)** जयश्री तटबन्धन निर्माण गर्न यस कार्यालयबाट ठेक्का आब्हान भएकोमा वडा नं. ८ को निर्माणाधीन जयश्रीको मोटरेवल पुल (स्टिल पुल) को बेड प्रोटेक्सन कार्य सोही ठेक्काको परिमाणबाट गर्ने निर्णय गरियो।

**ग)** जयश्री खोलामा मोटरेवल पुल (स्टिल पुल) निर्माण ठेक्का नं 07/GM/NCB/2080-081 को काम अन्तिम चरणमा रहेको तर हाल ग्यालबनइजिङ्ग लगायत जडान कार्य बाँकी रहेकाले निर्माण व्यवसायी गौरव नेपालले माग गरे बमोजिम २०८२ जेष्ठ मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो।

**निर्णय नं. ५** आ.व.२०८१/०८२ को लागि नगरपालिका भित्र रहेका अस्पताल र स्वास्थ्य चौकीहरुको लागि आवश्यक पर्ने औषधी खरिद चालू आ.व.मा ई-टेण्डर मार्फत खरिद गरिएको मूल्यमा नै यस आ.व.लाई आवश्यक पर्ने औषधी खरिदको प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं. ६** गैंडाकोट नगरपालिका वडा नं. ४ र ८ मा रहेको निर्माणाधिन जनजाति संग्रालय निर्माणको लागि तयार भएको DPR बमोजिमको निर्माण सम्पन्न गर्नको लागि आवश्यक पर्ने बजेट माग गर्न गण्डकी प्रदेश सरकार र सङ्घीय सरकारका सम्बन्धित मन्त्रालयसंग बजेट मागको लागि अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ७** आ.व. २०८०/०८१ को स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) कार्यक्रममा गैंडाकोट नगरपालिकाले कुल ९२.० प्रतिशत प्राप्त गरी सार्वजनिक गरेको नतिजालाई अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. ८** नगर भित्रका विभिन्न स्थानमा ठेला गाडी राखी फलफूल लगायतका सामाग्री बिक्रि गरिरहेको अवस्थामा नगर प्रहरीले जफत गरी जरिवाना शुल्क तोक्ने प्रयोजनका लागि एकपटकमा बढीमा रु. ५ हजार नबढ्ने गरी जरिवाना शुल्क वापतको रकम लिन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय न. ९** गैंडाकोट नगरपालिकाले आगामी २०८२ सालका लागि देहाय बमोजिमका स्थानीय सार्वजनिक विदाहरु दिने निर्णय गरियो।

| क्र.सं. | विदाको प्रकार | विदा लागू हुने मिति |
|---|---|---|
| १ | अन्तराष्ट्रिय आदिवासी जनजाति दिवस | २०८२ श्रावण २५ गते आईतबार |
| २ | हरितालिका तीज व्रत | २०८२ भदौ १० गते मंगलबार |
| ३ | जितिया पर्व | २०८२ भदौ ३० गते सोमबार |
| ४ | हरिबोधिनी एकादशी(तुलसी बिवाह) | २०८२ कार्तिक १५ गते शनिबार |
| ५ | मगर एकता दिवस | २०८२ फागुन १५ गते शुक्रबार |

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भट्ट अधिकारी
नगर प्रमुख

गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णय नं. १०** गैंडाकोट नगरपालिका वडाहरु / समितिबाट विभिन्न मितिको निर्णयानुसार सिफारिस भई आए अनुसार देहाय बमोजिमका शिर्षकहरुमा योजनाहरुको शिर्षाकान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| वडा नं. | साविकको योजना | रकम | परिवर्तित योजना शिर्षक | रकमान्तर योजना रकम |
|---|---|---|---|---|
| ४ | सिद्धिविनायक गणेश पञ्चायन मार्ग निर्माण क्र.सं. १७६ | रु.१०,००,०००/- | झपर्दी नमूना टोल अन्तर्गतको बाटो नं.४ निर्माण | रु.१०,००,०००/- |
| ५ | विभिन्न बाटो ग्रावेल क्र.सं. ४३३ (रु. छ लाख मध्येबाट) | रु.६,००,०००/- | नारायणी टोल अन्तर्गत आवास मार्गमा मोज्याक टायल लगाउने | रु.१,००,०००/- |
| | | | विकास टोल अन्तर्गत दाजुभाई मार्ग निर्माण | रु.१,००,०००/- |
| ७ | नारायणी टोलमा नाली क्र.सं.४६९ | रु.२,००,०००/- | सफल महिला विकास मञ्चको गेट निर्माण तथा रंगरोगन | रु.१,००,०००/- |
| | | | जेसिज भवन देखि पूर्ण तर्फको चौपारी निर्माण | रु.१,००,०००/- |
| १५ | टोल समिति आमा समूह जनप्रतिनिधि अवलोकन भ्रमण क्र.सं.६२७ | रु.२,००,०००/- | बुद्धचोक भूमिगत सिंचाई उपभोक्ता कृषक समूहलाई पाईप विस्तार तथा च्याम्बर निर्माण | रु.२,००,०००/- |
| १५ | अमृतधारा बाबुराम न्युरेको घरदेखि श्रीखेत जोड्ने बाटो ग्रावेल क्र.सं.६३५ | रु.१,००,०००/- | अमृतधारा बाबुराम न्युरेको घरदेखि श्रीखेत जोड्ने कुलोमा स्लाब निर्माण | रु.१,००,०००/- |
| १५ | अमर बोर्डिङ नजिकै सुवेदी मार्गमा मोज्याक टायल क्र.सं.६४१ | रु.२,५०,०००/- | अमर बोर्डिङ नजिकै सुवेदी मार्गमा पि.पि.सि. ढलान | रु.२,५०,०००/- |

रविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख